<u>बैठक सख्याः २(दुई)</u>

मिति २०८१/०५/१८ को नगर कार्यपालिका बैठकका निर्णयहरुः-

<u>निर्णय नं.- १(एक)</u>

सिद्धार्थनगर नगरपालिकामा तीन पाङ्ग्रे सवारी साधन सञ्चालन तथा नियमन सम्बन्धि कार्यविधी, २०७८ लाई देहाय बमोजिम प्रथम संशोधन गर्ने निर्णय गरियो ।

देहायः

**सिद्धार्थनगर नगरपालिका तीन पाङ्ग्रे सवारी साधन सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७८ को प्रथम संशोधन प्रस्ताव २०८१**

| दफा/उप दफा | मौजुदा व्यवस्था | थप/संसोधन गर्नुपर्ने व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| दफा ७- निवेदन दिनु पर्ने | नभएको<br>दफा ७ को उपदफा १ क भन्दा तल ख थप गरी क्रम संख्या मिलाउनु पर्ने | सिद्धार्थनगर नरगपालिका भित्र स्थायी बसोबास वा बसोवास प्रमाणित निस्सा अनिवार्य पेश गर्नु पर्ने । | सिद्धार्थनगर नगर क्षेत्र भित्र अस्थायी बसोबास गरेका व्यक्तिलाई रोजगारीको अवसर प्रदान गर्न |
| | दफा ७ को उपदफा १ ङ भन्दा तल च थप गरी क्रम संख्या मिलाउनु पर्ने | विगतमा आपसमा खरिद बिक्री भएका तर विभिन्न कारणले नामसारी नभएका/नगरिएका सवारी धनीको हकका सोको वस्तुनिष्ठ आधार र समयसीमा तोकी नामसमारी भएको ब्लुबुक पेश गर्ने शर्तमा एक पटकको लागि मात्र नगरपालिकाले दर्ताको लागि अवसर प्रदान गर्न सक्नेछ । | सिद्धार्थनगर नगर क्षेत्र भित्र अस्थायी बसोबास गरेका व्यक्तिलाई रोजगारीको अवसर प्रदान गर्न |
| | नभएको<br>दफा ७ मा उपदफा २ थप गर्नुपर्ने | स्वरोजगार व्यवसायलाई असर नपर्ने गरी एकजना व्यक्ति/ एक सवारी धनिले अधिकतम ३ वटा सम्म रिक्सा दर्ता गर्न पाउने । | |
| | उपदफा १ मा छ थप गरी मिलाउनु पर्ने | दर्ता प्रकृयालाई विवादमुक्त बनाउन नगरपालिकाले पहिलो आउनेले दर्ता पाउने (First come First served) आधारमा दर्ता गर्नेछ । | |
| दफा ११- संख्या निर्धारण को उपदफा १ | नगर क्षेत्र भित्र सञ्चालन हुने विद्युतीय रिक्साको संख्या निर्धारण कार्यपालिकाले गर्नेछ । | नगर क्षेत्र भित्र सञ्चालन हुने विद्युतीय भन्ने वाक्यांश पछि "*तथा अटो रिक्साको संख्या आवश्यक्ता र औचित्यता हेरी अधिकतम संख्या ५०० भित्र कायम गर्नेछ जसमा विद्युतीय रिक्सा ७० प्रतिशत र अटो रिक्साको संख्या ३० प्रतिशत भन्दा बढी हुनेछैन ।*" भन्ने वाक्यांश थप गर्ने । | सिद्धार्थनगर नगर क्षेत्र भित्र अस्थायी बसोबास गरेका व्यक्तिलाई रोजगारीको अवसर प्रदान गर्न |
| दफा ११ को | नगर कार्यपालिकाले उपदफा १ बमोजिम संख्या निर्धारण गर्दा | नगर कार्यपालिकाले उपदफा १ बमोजिमको संख्या निर्धारण गर्दा यात्रुको चाप र सुविधा, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनको अवस्था जस्ता पक्षको विश्लेषण गरी व्यवस्थापन समितिको सिफारिस | |

<table>
<tr><td>उपदफा २</td><td>यात्रुको चाप र सुविधा, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनको अवस्था जस्ता पक्षको विश्लेषण गरी व्यवस्थापन समितिको सिफारिस समेतको आधारमा संख्या निर्धारण गर्नेछ ।</td><td>समेतको आधारमा भन्ने वाक्यांश पछि "क्रमशः संख्या थप गर्दै निर्धारण गर्न सक्नेछ ।"भन्ने शव्द राखि मिलाउने ।</td><td></td></tr>
<tr><td>दफा १३ (२)</td><td>६. नगरमा संचालित तीन पाङ्ग्रे सवारी साधनमा कलर कोड तोक्ने ।</td><td>६. नगरमा संचालित तीन पाङ्ग्रे सवारी साधनहरुको पहिचान एवम् एकरुपता कायम गर्न सवारी साधनको अग्रभागमा पहेलो रङ हुने गरी कलर कोड तोकिनेछ ।</td><td></td></tr>
<tr><td>१५</td><td>ख थप गरी क्रम संख्या मिलाउने</td><td>सवारी चालकले तोकिएको पोशाक र परिचयपत्र अनिवार्य लगाउनु पर्नेछ । साथै सवारी साधनमा स्वीकृत भाडादरको सूचि यात्रुले देख्ने गरी अनिवार्य राख्नु पर्नेछ ।</td><td></td></tr>
<tr><td></td><td>सवारी दर्ता शुल्क र वार्षिक सवारी कर देहाय बमोजिमको शिर्षक उल्लेख गरिएको ।</td><td>
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>अटो रिक्सा</th><th>विद्युतीय रिक्सा</th></tr>
<tr><td>१</td><td>दर्ता निवेदन दस्तुर</td><td>१००/-</td><td>१००/-</td></tr>
<tr><td>२</td><td>दर्ता दस्तुर</td><td>७००/-</td><td>५००/-</td></tr>
<tr><td>३</td><td>नवीकरण दस्तुर</td><td>५००/-</td><td>२५०/-</td></tr>
<tr><td>४</td><td>वार्षिक सवारी कर /संचालन अनुमति</td><td>३०००/-</td><td>२०००/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td>जरिवाना</td><td>जरिवानाको महल आर्थिक ऐन, २०८१ बमोजिम हुनेछ ।</td><td></td></tr>
</table>

**निर्णय नं- २ (दुई)**

सिद्धार्थनगर नगरपालिकाको देहाय बमोजिमको कार्यविधि, मापदण्ड तथा निर्देशिकाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**देहाय**

१ सहकारी सन्जाल (गठन तथा परिचालन) कार्यविधि, २०८१
२ सहकारी प्रबर्द्धन कोष सन्चालन कार्यविधि, २०८१
३ प्राईभेट फर्मदर्ता, अनुगमन तथा नियमन सम्वन्धि कार्यविधि, २०८१
४ सहकारी संस्था सन्चालन, व्यवस्थापन, अनुगमन तथा नियमन सम्वन्धि मापदण्ड, २०८१
५ वाह्य विज्ञापन नियमन निर्देशिका, २०८१

निर्णय नं.- ३(तिन)

सिद्धार्थनगर नगरपालिकाको स्वामित्वमा रहेका बेलहिया शहरी सेवा केन्द्रको भवन, बसपार्क भित्रको सटर, वडा नं. ५ स्थित वडा कार्यालय भवनको भुईतला तथा नगर कार्यपालिकाको कार्यालय हातामा रहेका सटरहरुको लामो समयदेखि बहालमा लिई व्यवसाय संचालन गर्दै आईरहेका व्यवसायीहरुले नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने बहाल वापतको रकम नबुझाएको र त्यस्ता व्यवसायी संगको घरबहाल सम्झौता पटक पटक म्याद थप हुदै आएको देखिएकोले तिर्नुपर्ने बहाल र विजुली उपयोग वापतको रकम र सोको बक्यौता समेत दाखिला गर्ने २०८१ भाद्र मसान्त सम्म म्याद थप गर्ने भनि मिति २०८१/३/२१ को नगर कार्यपालिका बैठकबाट भएको निर्णय बमोजिम म्याद थप हुँदा समेत बाहल तथा विजुली उपभोग गरे बापतको रकम नबुझाएको हुँदा देहाय बमोजिमका व्यवसायीहरुबाट देहाय बमोजिमको रकम असुल गरी निजहरुलाई घर, सटर तथा कोठाहरु खाली गर्नका लागी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने र निजहरुलाई नगरपालिकाबाट उपलब्ध हुने सेवा सुविधा रोक्का गर्ने सम्बन्धमा आवश्यक कानुन निर्माण गर्ने । उल्लेखित घर, सटर तथा कोठाहरु नयाँ भाडा लगाउनका लागी सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

देहाय

| घर बहाल बक्यौता विवरण (२०८१ साल श्रावण महिना सम्म) | | | | | | |
|---|---|---|---|---|---|---|
| क.सं. | नाम थार | स्थान | कोठा नं. | मासिक बहाल रकम | जम्मा बक्यौता रकम | कैफियत |
| १ | मोहम्मद जक्कि स्वान | सि न पा १ वेलहिया | भुई तला १ | २३६५५।५ | ११६२५३०।८ | ११६२५३१ |
| २ | सुमित प्रधान | सि न पा १ वेलहिया | भुई तला २ | २२९९० | ३४७९४४८ | |
| ३ | सुमित प्रधान | सि न पा १ वेलहिया | भुई तला ३ | २४२०० | ३३५९९० | |
| ४ | सुमित प्रधान | सि न पा १ वेलहिया | भुई तला ४ | २५४१० | ३४७८३५ | |
| ३९ | सुमित प्रधान | सि न पा १ वेलहिया | बेलहिया चमेना गृह | ८५०० | ५१८५०० | ४६८१७७३ |
| ५ | लालजी अहिर | सि न पा १ वेलहिया | भुई तला ५ | २५४१० | ८००३८७ | ८००३८७ |
| ६ | मोहम्मद सफी रजा स्वान | सि न पा १ वेलहिया | भुई तला ६ | २२३६९।०५ | २३५९९।०५ | २३५९९ |
| ७ | सुरेन्द्र कुमार क्षेत्री | सि न पा १ वेलहिया | भुई तला ७ | १९९६५ | ८९४६५३ | |
| १० | सृप्ती क्षेत्री | सि न पा १ वेलहिया | भुई तला १० | २५४१० | १२६१७४२ | २१५६३९५ |
| ८ | सिद्धार्थ सार्वजनिक यातायात प्रा.लि. | सि न पा १ वेलहिया | भुई तला ८ | १८१५० | ४६२७७६ | ४६२७७६ |
| ९ | इरफान वारीस | सि न पा १ वेलहिया | भुई तला ९ | २८५०१।५५ | १२४६११।५ | १२४६१२ |
| ११ | मनोज कुमार गुप्ता | सि न पा १ वेलहिया | प्रथम तला १ | १५१२५ | ३४६२६८।३३ | ३४६२६८ |
| १२ | सांभित शाही | सि न पा १ वेलहिया | प्रथम तला ३ | ६२३१।५ | ५२७५१२।८ | ५२७५१३ |
| १३ | पंकज उदास | सि न पा १ वेलहिया | प्रथम तला ४ | १५८५१ | ० | छाडेको |
| १४ | सिरी भगवान गुप्ता | सि न पा १ वेलहिया | प्रथम तला ५ | १४६४१ | ५७३९८१।६७ | ५७३९८२ |
| १५ | अमर गुरुङ्ग | सि न पा १ वेलहिया | प्रथम तला ६ | १४६४१ | ८०२५५५।६७ | |
| १६ | अमर गुरुङ्ग | सि न पा १ वेलहिया | प्रथम तला ७ | ६१८३।१ | १९८४५६।६७ | १००१०१२ |
| १७ | उत्तम पुन | सि न पा १ वेलहिया | वेलहियाको भवन | ३८५०० | ७५६७५० | ७५६७५० |
| १८ | दिपेन्द्र जानान्धर | सि न पा ५ हाट बजार | १, पुरानो भवन | ७७०० | २६१६२५।१ | २६१६२५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | रिन्कु गुप्ता | सि न पा ५ हाट बजार | २, पुरानो भवन | ७७०० | ० | |
| २० | रिन्कु गुप्ता | सि न पा ५ हाट बजार | ३, पुरानो भवन | ७७०० | ७८८० | ७८८० |
| २१ | सुरज धवल | सि न पा ५ हाट बजार | ४, पुरानो भवन | ७७०० | २२७६६८।९ | २२७६६९ |
| २२ | महेन्द्र कुमार अग्रहरी | सि न पा ५ हाट बजार | ५, पुरानो भवन | ७७०० | १५६४० | १५६४० |
| २३ | जिवन जानन्धर | सि न पा ५ हाट बजार | ६, पुरानो भवन | ७७०० | २७९४५३ | २७९४५३ |
| २४ | सिता कुमारी वि क गहतराज | सि न पा ५ हाट बजार | ७, पुरानो भवन | ७७०० | ८४७१५ | ८४७१५ |
| २५ | रोशनी थापा | सि न पा ५ हाट बजार | ९, पुरानो भवन | ४४०० | २३३२० | २३३२० |
| २६ | कृष्ण जिवन बर्मा | सि न पा ५ हाट बजार | १२, पुरानो भवन | ४४०० | २०६११९ | २०६११९ |
| २७ | अर्जुन क्षेत्री | सि न पा ५ हाट बजार | १, नयां भवन | ९९२२ | ३६५०४७ | ३६५०४७ |
| २८ | दिपक गुप्ता | सि न पा ५ हाट बजार | २, नयां भवन | १०७९२।१ | ४९७८७४।१७ | ४९७८७४ |
| २९ | सत्यजित सरकार | सि न पा ५ हाट बजार | ३, नयां भवन | ९८०२।१ | १५५८४३।७ | |
| ३० | सत्यजित सरकार | सि न पा ५ हाट बजार | ४, नयां भवन | ९८०२।१ | १७८२७५।७ | ३३४११९ |
| ३१ | नईम मुसलमान | सि न पा ५ | १, कार्यालय अगाडी | १४३०० | ३१७८९० | ३१७८९० |
| ३२ | हलिम मुसलमान | सि न पा ५ | २, कार्यालय अगाडी | १४३०० | ३४१७१९।३३ | ३४१७१९ |
| ३३ | सन्तोष कुमार गौतम | सि न पा ५ | ३, कार्यालय अगाडी | १४३०० | ३६७५ | ३६७५ |
| ३४ | महवुब आलम | सि न पा ५ | ४, कार्यालय अगाडी | १४३०० | ४४९६५३।३३ | ४४९६५३ |
| ३५ | बदरूल अफाक | सि न पा ५ | ५, कार्यालय अगाडी | ८२५० | ४२७६५ | ४२७६५ |
| ३६ | शिव प्रसाद कलवार जैसवाल | सि न पा ५ | ६, कार्यालय अगाडी | १८८१० | १६९६६० | १६९६६० |
| ३७ | अलाउद्दीन मुसलमान | सि न पा ५ | ७, कार्यालय अगाडी | १४३०० | २१५२०० | २१५२०० |
| ३८ | पटवा टेन्ट हाउस - निलम देवी पटवा | सि.न.पा. ३ | सभागृह | ४००००० | १४००००० | १४००००० |
| ३९ | विन्दु उपाध्याय | सि न पा ५ | ८, कार्यालय अगाडी | १६५०० | २४४४२० | २४४४२० |
| ४० | पवित्रा बराल | सि न पा ५ | कार्यालय | ५५०० | ३४३३० | ३४३३० |
| ४१ | प्रेम बहादुर कं सि | सि न पा ५ | पुस्तकालयको खाली जग्गा | ४४०० | १९३८५ | १९३८५ |
| | जम्मा | | | | १८१५९७५७ | १८१५९७५७ |

## निर्णय नं. ४ (चार)

सिद्धार्थनगर नगरपालिकामा अन्तर्गतको राजश्व शाखामा असुल हुनपर्ने समग्र राजश्व के कति कारणबाट असुल हुन नसकेको भन्ने विषय र यस कार्यालयमा कार्यरत अधिकृत छैठौं अमित कुमार श्रेष्ठले राजश्व शाखामा बुझाउन पर्ने राजश्व रकम नबुझाई हिनाविना गरेको सम्बन्धमा छानविन गरी १५ पन्ध्र दिन भित्र प्रतिवेदन पेश गर्नका लागि देहाय बमोजिमको छानविन समिति गठन गर्ने निर्णय गरियो ।

### गठित समिति

१ संयोजक - श्री नारायण प्रसाद उपाध्याय, वडाध्यक्ष ३

२ सदस्य - श्री पुरन प्रसाद श्रेष्ठ, वडाध्यक्ष ५

३ सदस्य - श्री विरेन्द्रनाथ श्रीवास्तव, वडाध्यक्ष ६

४ सदस्य - श्री सविता हरिजन, कार्यपालिका सदस्य

५ सदस्य - श्री केदार प्रसाद बरई, कार्यपालिका सदस्य

नोटः राजश्व शाखाले सचिवालयको कार्य गर्नेछ ।

## निर्णय नं.- ५(पाँच)

सिद्धार्थनगर नगरपालिकाको कर प्रणालीमा सुधार गर्दै प्रगतिशील कर प्रणालीको सिद्धान्तमा रही राजश्वका नीति तथा कार्यक्रम तर्जुमा गरी आर्थिक वर्ष २०८१/०८२ लाई "कर सहभागिता वर्ष" को रुपमा मनाई कर सहभागिता अभियान मार्फत नगरभित्र संचालनमा रहेका सबै उद्योग, व्यवसायहरुलाई करको दायरामा ल्याईने भनी नीति तथा कार्यक्रममा भएको व्यवस्था बमोजिम नगरपालिकामा व्यवसाय दर्ता घुम्ती शिविर सञ्चालन गर्ने निर्णय गरियो।

## निर्णय नं.- ६(छ)

विविधः

१. सिद्धार्थनगर नगरपालिकाको संगठन तथा व्यवस्थापन (O&M) बमोजिम वडा नं ४, ६, ७ र ८ का आधारभुत स्वास्थ्य केन्द्रहरुमा आवश्यक जनशक्तिको व्यवस्थापन गर्नको लागि स्वीकृत दरबन्दीको परिधि भित्र रही सहायकस्तर चौथो तहका स्वास्थ्य तर्फका कर्मचारीको करारमा पदपुर्तिको प्रकिया अगाडी बढाउने निर्णय गरियो ।

२. सिद्धार्थनगर नगरपालिकाको नगर प्रमुख श्री इश्तियाक अहमद खाँज्यूलाई कोरियाको Seoul Metropolitan Government (SMG) and the Alliance for Healthy Cities in the Western Pacific Region को आयोजनामा उल्लेखित सस्थाले सम्पूर्ण खर्च व्यहोर्ने गरी "Smarter and Healthier Cities for a Better Future". सम्बन्धि सम्मेलनमा भाग लिनका लागि निमन्त्रणा पठाएको हुँदा नगर प्रमुखज्यूको कोरिया भ्रमण स्वीकृत गर्ने निर्णय गरियो ।साथै नगर प्रमुखज्यूको भ्रमणमा आवश्यक सहयोग र समन्वयका लागी श्री संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।